"जलस्रोत, पर्यटन र जडीबुटीले समुन्नत विगु गाउँपालिका"

# विगु गाउँपालिका
## Bigu Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

लादुक, दोलखा
Laduk, Dolakha
वागमती प्रदेश, नेपाल
Bagamati Province, Ne

पत्र संख्याः– २०८२/०८३

चलानी नं.

मिति : २०८२/०४/०५

## विषय विज्ञको सूचीमा सूचीकृत हुने सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित सूचना**

प्रस्तुत सम्बन्धमा यस गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा रिक्त रहेका विभिन्न तहका शिक्षक दरबन्दीहरुमा शिक्षक सेवा आयोगबाट स्थायी शिक्षक सिफारिस भई नआएसम्मका लागि सम्बन्धित विद्यालयहरुमा गठन गरिएका करार शिक्षक छनौट समितिको सिफारिसमा व्यवस्थापन समितिबाट करार सम्झौता गरी पदपूर्ति गर्न सञ्चालन गरिने परीक्षाको प्रयोजनको लागि विगु गाउँपालिकास्तरमा विज्ञहरुको सूची (रोष्टर) निर्माण गर्नुपर्ने भएकोले सूचीमा आबद्ध हुन गाउँपालिकाभित्रका विद्यालयहरुमा कार्यरत योग्य र इच्छुक शिक्षकहरुबाट १५ दिनभित्र शिक्षा, युवा तथा खेलकुद शाखामा दरखास्त पेस गर्नुहुन सूचित गरिन्छ ।

**विषयविज्ञको लागि आवश्यक मापदण्डहरु :**

- प्राथमिक तह र निम्न माध्यामिक तहको विषयविज्ञको हकमा शिक्षाशास्त्र सङ्कायमा स्नातक तथा माध्यामिक तहको हकमा सम्बन्धित विषयमा स्नाकोत्तर हासिल गरेको हुनुपर्ने ।
- सम्बन्धित तह र विषयमा स्थायी भई परीक्षणकाल पूरा गरेको हुनुपर्ने ।
- गाउँपालिकाको कार्यालयमा सूचीबद्ध भएका माथिल्लो तहका विषयविज्ञलाई तल्लो तहको विषयविज्ञमा पनि कार्य गर्ने अवसर दिइनेछ ।

**आवश्यक कागजातह :**

- हस्तलिखित निवेदन
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
- अध्यापन अनुमति पत्रको प्रतिलिपि
- सम्बन्धित तहको स्थायी नियुक्ति पत्रको प्रतिलिपि

२०८२/०४/०५

गणेश बहादुर श्रेष्ठ
शिक्षा अधिकृत (सातौं)